वैठक संख्या -१६ मिति २०७३/१०/०३ गते विहान ७ वजे।

आज मिति २०७३/१०/३ गते सोमवारका दिन धरान उपमहानगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री बिष्णुप्रसाद कोइराला - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उपमहानगरपालिका कार्यालय

निर्णयहरु

निर्णय नं. १

स्थानीय निकाय आर्थिक प्रशासन नियमावी,२०६४ को नियम २१४ को उपनियम २(घ) बमोजिम यस उपमहानगरपालिका कार्यालयले तोकेका जिन्सी निरीक्षकको प्रतिवेदन अनुसार र मिति २०७३।०८।२३ को निर्णय अनुसार सम्बन्धित प्राविधिकहरुसंग लिलाम गर्नु पर्ने सामानहरुको न्यूनतम मूल्यांकन माग गरिएकोमा तपसिलका सामानहरुको न्युनतम मूल्य पेश भएकाले सोही मूल्यलाई न्युनतम मूल्य कायम गरी सिलबन्दी दरभाउपत्रको माध्यमबाट लिलाम बिक्री गर्न सम्बन्धित प्राविधिकहरुले पेश गरेको न्युनतम मूल्य रु. १२,२००।— (बाह्र हजार दुई सय मात्र) कायम गरी सिलबन्दी बोलपत्रबाट लिलाम बढाबढ गर्ने निर्णय गरियो।

| क.सं. | विवरण | इकाई | परिणाम | दर | न्यूनत्तम मूल्यांकन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ल्यापटप | थान | २ | १००० | २०००/०० | कम्प्युटर प्राविधिकबाट प्राप्त मूल्यांकन |
| २ | मोनिटर एलइडी | थान | २ | २०० | ४००/०० | कम्प्युटर प्राविधिकबाट प्राप्त मूल्यांकन |
| ३ | मोनिटर सिआरटी | थान | १ | १०० | १००/०० | कम्प्युटर प्राविधिकबाट प्राप्त मूल्यांकन |
| ४ | फ्याक्स मेसिन | थान | १ | १०० | १००/०० | कम्प्युटर प्राविधिकबाट प्राप्त मूल्यांकन |
| ५ | गाडीको पार्टपुर्जा | केजी | अं.४० | २५०० | २५००/०० | मेकानिकल इन्जिनियरबाट प्राप्त मूल्यांकन |
| ६ | सिपीयु | थान | १ | ५०० | ५००/०० | कम्प्युटर प्राविधिकबाट प्राप्त मूल्यांकन |
| ७ | भ्याकुम (भुइ सफा गर्ने) | थान | २ | ३०० | ६००/०० | कार्यालयबाट निर्णय हुने गरी |
| ८ | मोटरसाइकल (२ स्ट्रोक)- को २ प ३८७५ | थान | १ | ६००० | ६०००/०० | मेकानिकल इन्जिनियरबाट प्राप्त मूल्यांकन |
| जम्मा न्यूनतम मूल्य | | | १२२००/०० | | | |

*अक्षरेपीः बाह्र हजार दुई सय मात्र ।*